# अन्तरिम संविधान मस्यौदा २०६३ र समावेस गर्ने पर्ने कुराहरु

**मीन विश्वकर्मा**
**सदस्य, अन्तरिम संविधान मस्यौदा समिति**

**अवधारणा**

नेपाली जनताको वलिदानीपूर्ण जनआन्दोलन २०६२/०६३ ले सदियौं देखिको निरंकुशतन्त्रलाई ठेगान लगाएको छ । सात राजनैतिक दलहरुको संयुक्त आव्हानमा सम्पूर्ण जानजाति, समुदाय, वर्ग वा तह र तप्काका नेपाली जनताले खेलेको क्रान्तिकारी भूमिकाकै कारण आज हाम्रा सामु यी जिम्मेवारी एवं अवसरहरु प्राप्त भएका हुन् भन्ने तथ्य सवैका सामु छर्लङ्ग छ । राजनैतिक दलहरुले मुलुकको विग्रदो अवस्थालाई केवल राजनैतिक मुद्दाको रुपमा मात्रै सम्बोधन गरेर आन्दोलनको घोषणा गर्दाका दिनहरुमा भन्दा वृहत आर्थिक सामाजिक तथा जातीय पक्षहरुको पनि समस्यालाई साझा सवाल बनाएर सडकमा उत्रँदाको उत्साहजनक जनप्रदर्शन र जनआन्दोलनले ऐतिहासिक सफलता प्राप्त गरेको सत्यलाई जनताले भुलेका छैनन् भन्ने कुरालाई आत्मसात गर्दै,

मुलुमा विद्यमान जातीय भेदभाव र छुवाछुतको परम्परामा आधारित विगतको राज्य व्यवस्थाका कारण राज्यको मूलप्रवाहबाट वञ्चित गराईएका, मुलुककै सवैभन्दा कमजोर, असहाय र अमानवीय जीवन जीउँन वाध्य दलित समुदायको समस्या समाधान गर्ने जिम्मेवारी पनि यही राज्य व्यवस्था अन्तर्गतको वर्तमान प्रतिनिधि सभा, त्यसैको आधारमा वन्ने सरकार र हुने संविधान सभा हो भन्ने कुरामा विश्वास गर्दै,

समानता, सामाजिक न्याय र राज्यका प्रत्येक संरचनामा सवैको समानुपातिक सहभागिता सहितको राज्यको पुर्नसंरचनावाट मात्र नयाँ नेपालको निर्माण संभव हुन्छ भन्ने मान्यतामा आधारित हुँदै,

चिप्ला नारा र सुन्दर भाषण मात्रले समावेशी लोकतन्त्रको संस्थागत विकास गर्न नसकिने तथा लोकतन्त्र आफैंमा व्यवहारबाट देखिने विषय भएको हुनाले वाहिर चर्का भाषण र प्रचारवाजी भन्दा पनि मुलुकको महत्वपूर्ण दस्तावेजको रुपमा लेखिएको यस अन्तरिम संविधान –२०६३ मा नै समावेस गर्नु पर्ने दलित समुदायको हक हित, अधिकार एवं शसक्तिकरण र समानुपातिक समावेसीकरणका लागि आफूले उठाएका अति महत्वपूर्ण विषयहरुमा छलफल भई अधिकांस सदस्यहरुको सहमति भए पछि पनि निर्णयार्थ प्रस्तुत गर्दा केहि एक दुई जना सदस्यहरुको मात्र फरक मतका कारण अनिर्णित वन्न पुगेका छन् । यस्ता विविध विषयहरुमा आफूले देखेका विषय वस्तुहरु यसै प्रतिवेदनमा उल्लेख गर्न चाहान्छु ।

- ➢ दलित समुदायको जनसंख्या (२० प्रतिशत) का आधारमा राज्यको हरेक अंग, निकाय र तहमा अनिवार्यरुपले समानुपातिक सहभागिता गराउँन विशेष अधिकार सहितको आरक्षण व्यवस्था गर्नु पर्ने ।
- ➢ अनिवार्य प्रतिनिधित्वको सन्दर्भमा राजनैतिक दलहरु भित्र पनि पुनः संरचना गरी समानुपातिक सहभागिताको व्यवस्था गर्ने जसले गर्दा राज्यको प्रत्येक अंगहरुमा प्रतिनिधित्व गराउन सरल हुन्छ ।
- ➢ छुवाछुत विरुद्धको अधिकारलाई विशेष अधिकारको रुपमा उल्लेख गर्दै जातका आधारमा गरिने जुनसुकै किसिमको र जुनसुकै क्षेत्रमा (सार्वजनिक वा निजि क्षेत्र) गरिने भेदभाव, जघन्य अपराध हुने कुरोको उल्लेख गरिनुपर्ने ।
- ➢ समानुपातिक निर्वाचन प्रणाली लगायत वहु-सदस्यीय निर्वाचन वा विशेष निर्वाचन क्षेत्रको पद्धतिलाई अनुशरण गर्दै दलित समुदायको समानुपातिक सहभागिता सुनिश्चतता गर्नु पर्ने ।

- **प्रस्तावना** : नेपालमा विगतमा भएका सवै आन्दोलन, क्रान्ति वा संघर्ष, सहादत प्राप्त गर्नेहरुको उच्च सम्मान, लोकतन्त्र, समानता, न्याय र स्वतन्त्रताको वर्णन, नेपालको जातीय, क्षेत्रिय, भौगोलिक एवं प्रादेशिक समानताको उल्लेख, समानुपातिक समावेसीकरणको व्यवस्था आदि कुराको संक्षिप्त चर्चा गनु पर्ने ।

**नागरिकता :** नेपाली नागरिकसँग विवाह गरेको विदेशी महिला वा पुरुषले आफ्नो पहिलेको नागरिकता त्यागे नेपाली नागरिकता लिन सक्ने ।

**मौलिक हल :** 'राज्यको प्रत्येक संरचनामा समानुपातिक सहभागिताका लागि निश्चित अवधीसम्मका लागि दलित समुदायलाई आरक्षणको हक हुनेछ' भन्ने थप्नु पर्ने ।

**राज्यको दायित्व :** समानुपातिक समावेसी सिद्धान्तको आधारमा संविधान सभाको निर्वाचन गर्ने भन्ने हुनुपर्ने ।

**व्यवस्थापिकाको गठन :** नेपालमा एक व्यवस्थापिका रहनेछ जसको संख्या र प्रतिनिधित्व देहायका राजनैतिक दल वा संगठनले आपसी सहमतिमा निर्धारण गरे बमोजिम हुनेछः

| | | |
|---|---|---|
| १. नेपाली काँग्रेस | २. ने.क.पा.एमाले | ३. नेपाली काँग्रेस (प्रजातान्त्रिक) |
| ४. जनमोर्चा नेपाल | ५. ने.म.कि.पा. | ६. नेपाल सदभावना पार्टी (आ.) |
| ७. संयुक्त वाममोर्चा | ८. ने.क.पा.(माओवादी) | |

(२) राजनैतिक दल वा संगठनले व्यवस्थापिकाको सदस्य मनोनयन गर्दा समानुपातिक समावेशी सिद्धान्तको पालना गर्नुपर्नेछ ।

- संवैधानिक निकायका पदाधिकारीहरुको पुर्ननियुक्ति हुनुपर्ने ।
- राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोग बनाउनु पर्ने ।
- राजनैतिक दल वा संगठन :

राजनैतिक दल वा संगठनको विधानमा व्यवस्था भए बमोजिम विभिन्न स्तरका कार्यकारीणी समिति वा सो सरहका अन्य समितिमा दलित समुदायको समुचित संख्यामा सदस्यहरु रहने व्यवस्था गरिएको हुनुपर्छ ।

**संविधान सभा :**

संविधान सभाको निर्वाचनमा मतदाताको उमेर १८ वर्ष हुनुपर्ने ।

**परिभाषा र व्याख्या :**

(च) 'समानुपातिक समावेसी' भन्नाले जातिगत, क्षेत्रगत जनसंख्याको अनुपातमा राज्य संरचनामा समावेश भन्ने सम्झनु पर्छ ।

**विविध :** दलित समुदायको ज्ञान, शीप, कला एवं प्रविधिमा आधारित व्यवसायलाई आधुनिकीकरण गर्न राज्यले विशेष नीति लिने छ ।

**धन्यवाद**

**मीन विश्वकर्मा**
**सदस्य, अन्तरिम संविधान मस्यौदा समिति**
**२०६३ । ५ । ९**